Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २० २०८१ साल पुस १६ गते मंगलबार (Dec 31, 2024) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६
Email : janaakash .com .np@gmail .com

# नेपलका हिमालमा अझै पनि हिउ परेन, किसानहरू चिन्तित

■ मोहन कार्की

**काठमाडौं–** नेपालका हिमाली जिल्लाहरुमा पुष र माघमा हिउ परेर सेताम्यै हुने र मानिसर हरुले रमाइलो गर्ने गरेका हुन्थे । हिमाली क्षेत्रका किसानहरु त हिउ परेको खुशीयालीमा रमाएर बस्थे किनकी हिमाली क्षेत्रमा पुष र माघमा हिउ पर्दा हिमाली क्षेत्रमा फल्ने अन्न आलु, फलफुल स्याउ, र जडिवुटीहरु सपर्ने भनेर खुशी हुने गर्दथे । तर यस २०८१ साल पुषको १५ गईसक्दा पनि कतै कतै मात्र हिउ परेको छ । अधिकाँस हिमाली क्षेत्रमा हिउ परेको छैन ।

समयमा नै हिउ नपर्दा हिमाली जिल्लाका किसाहरु चिन्तित भईरहेका छन् । यसै सिजनमा विदेशी पर्यटक समेत नेपाल घुम्न आउने विशेष गरेर हिउ खेल्न मन पराउने विदेशी पर्यटकहरु नेपाल आउन गर्छन । यस वर्ष पनि थुप्रै विदेशी पर्यटकहरु नेपाल आईसकेका छन् । उनिहरु हिमाली जिल्लाहरुमा रमाईरहेका छन् । तर उनिहरुले सोचेजस्तो गरी हिउ नपर्दा फुल इन्जोय गर्न पाएका छैनन् । तर नेपालका हिमालमा हिउदमा हिउ नपरेपनि हिमालै सेतै । रहने हुदा हिमालको आनान्द लिन भने विदेशी पर्यटकहरुलाई समस्या नभएको पर्यटन विज्ञ खुम सुवेदी बताउछन् ।

पुषमा समयमा नै हिउ नपर्नुको कारण जलवायु परिवर्तनको असर भनेर वातावरण



विज्ञहरुले वताउदै आएका छन् । जसमा ठुला शकितशाली राष्ट्रहरुले परिक्षण गर्दै आएको आणविक परिक्षण, ठूला ठूला उद्योगवाट निस्कने कार्वनहरुका कारण यस्तो समस्या आउने गरेको छ । त्यसको असर नेपालले पनि भोग्नु पर्ने भएको छ । यसरी वायु प्रदुषण गर्ने राष्ट्रहरुलाई अक्शिजन उत्पादन गरी वातावरणमा टेवा दिने राष्ट्रहरुलाई यस्ता वायु प्रदुषण गर्ने राष्ट्रहरुले क्षतिपुर्ति भराउनु पर्ने माग उठिरहेको छ ।

नेपालले पनि यस्ता वातावरण प्रदुषण गर्ने राष्ट्रहरुलाई क्षतिपुर्ति भराउन पछि पर्नु हुदैन ।

नेपाल आफैले पनि विधुतिय सवारी साधन, विद्युतिय चुलो प्रयोग गर्नुछ्र र अझै हरित नेपाल बढाउन गर्न सक्नेजति सुधारहरु गर्नुपर्छ ।

आजको अकाश र धर्ती भूगोल र सफ्टवेयरको जालोले देश छुटाएपनि वातावरणीय दुष्टिले आकाशमा फैलने वातावरण सवैको साझा हुने गरेको छ । धर्तीमा मानवतामा आउने संकट साझा हुने गरेको छ । त्यसैले अन्तराष्ट्रिय रुपमा पनि वातावरणीय प्रभावको वारेमा नेपालले आफ्नो एजेण्डाहरु प्रस्तुत गरेर आफ्नो आकाश सुरक्षित राख्न पहल गर्नुपर्छ ।

# कर्णालीका विद्यार्थी नेपाल इको प्यानलमा



**काठमाडौं–** कर्णालीका प्राविधिक क्षेत्रका विद्यार्थीले शुक्रबार भक्तपुरस्थित नेपाल इको प्यानलको अध्ययन भ्रमण गरेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्राविधिक शिक्षालय चन्दननाथ ३ जुम्लाका विद्यार्थीले भक्तपुरको झौखेलस्थित इको प्यानलको कारखानामा पुगेर इको प्यानलको उत्पादन प्रकृयाबारेमा अध्ययन भ्रमण गरेका हुन् । शिक्षालयमा डिप्लोमा इन सिभिल इन्जिनियरिंग तेश्रो वर्ष पहिलो खण्डमा अधययन गर्ने प्रशिक्षार्थीहरुले शैक्षिक अध्ययन अवलोकन गरेको कम्पनीले जनाएको छ ।

शिक्षालयका प्रमुख टेकेन्द्रबहादुर थापाले विद्यार्थीलाई प्रयोगात्मक अभ्यासका लागि जुम्लादेखि भक्तपुरको इको प्यानलको कारखानामा लगिएको जानकारी गराए । नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्जिनियर कृष्णभक्त दुवालले आफूहरुले नाफा मात्रै केन्द्रित नभई सिक्ने सिकाउने संस्थाको रुपमा पनि कम्पनीलाई अगाडि वढाई विद्यार्थीलाई ठाउँ दिँदै आएको जानकारी गराए । भविष्यमा निर्माण क्षेत्रमा लाग्ने विद्यार्थीलाई निर्माण सामाग्रीकोबारेमा जानकरी दिन आफूहरुले विद्यार्थीहरुलाई ठाउँ दिँदै आएको जानकारी उनले गराए । अहिलेसम्म देशका विभिन्न इन्जिनियरिंग कलेजहरुमा इन्जिनियरिंग

» बाकी ६ पृष्ठमा

# झापा पुगेर प्रचण्डले खाए केराको पातमा भात

**विराटनगर–** झापाको गौरिगञ्जमा आज आयोजित खबरदारी सभालाई सम्बोधन गर्न त्यहाँ पुगेका पूर्व प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केराको पातमा भात खाएका छन् । गौरिगञ्ज-१ का माओवादी कार्यकर्तासमेत रहेका तिलक राजवंशीको घरमा प्रचण्डसहितका नेताहरूले कोच संस्कृति अनुसार भात खाएका हुन् ।

राजवंशीका अनुसार प्रचण्डले कोच राजवंशीको परम्परागत परिकार खाएका हुन् । जसमा उसिना चामलको भात, कोचहरूको भाषामा भनिने पेलका साग, आलु कोपीको भाजी, अर्ग्यानिक माछा, लोकल हाँस, टमाटरको अचार, धनियाको चट्नी र पापडलाई कोलाको पातमा दिइएको हो ।

आफूले प्रचण्डलाई कोच संस्कृति अनुसारको खाना खुवाउन पाउँदा खुसी लागेको राजवंशीले बताए । 'उहाँले मलाई कोच जातीहरुको लागि लडिरहेको छु । कोच जातीको घरमा भात खान पाउँदा खुसी लागेको बताउनु भयो,' तिलक राजवंशीले भने, 'मैले पनि तपाईलाई सौभाग्यले खाना खुवाउन पाएँ भने ।'

प्रचण्डले दुईतिर खप्ट्याएर राखेको केराको पातमा भात खाएका थिए । प्रचण्डसहितको टोलीमा लगभग ७० जना थिए । जसमा वाइसिएल र सुरक्षाकर्मी पनि रहेको राजवंशीले बताए ।

प्रचण्डको टोलीमा उनकी छोरी गंगा दाहाल, ज्वाई जीवन आचार्य, कोशी प्रदेशका इन्चार्ज हरिबोल गजुरेल, सहइन्चार्ज सावित्रीकुमार काफ्ले, माओवादी संसदीय दलका कोशी प्रदेश नेता इन्द्रबहादुर आङ्बो, माओवादी प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङ मिक्सो, केन्द्रीय सदस्यहरु धर्मशिला चापागाईं, झलकसिंह दर्लामीलगायतका नेताहरु




सहभागी थिए । गौरिगञ्जमा आयोजित खबरदारी सभामा राप्रपा, एमालेलगायतको पार्टीबाट सयौं माओवादीमा प्रवेश गर्ने कार्यक्रम रहेको झापा माओवादी केन्द्रका संयोजक राजु आचार्य (अग्नि) ले जानकारी दिए ।

# पद्मकन्यामा चन्द्रकला तामाङको नेतृत्वमा नेविसंघको नयाँ कार्यसमिति

**काठमाडौं–** नेपाल विद्यार्थी संघको पद्मकन्या क्याम्पसमा नयाँ नेतृत्व चयन गरिएको छ । चन्द्रकला तामाङको नेतृत्वमा ५१ सदस्यीय कार्यसमिति गठन गरिएको हो ।

शुक्रबार भेलाबाट वरिष्ठ उपाध्यक्ष दीक्षा बडु, उपाध्यक्षद्धयमा रिंकी मेहता र कविता गौतम, सचिवमा संकल्पिका थापा, सन्ध्या बस्याल, श्रद्धा थापा चयन भएका छन् । साथै, सह सचिवमा अस्मिता विश्वकर्मा, कृतिका बराल, ममता पुजारा, कोषाध्यक्षमा चेतना नहर्की, सह कोषाध्यक्ष उवर्सी पाण्डे बनेका छन् ।

यस अघि सगुन कँडेलको नेतृत्वको कार्यसमिति थियो । नयाँ समिति सर्वसम्मत



रुपमा बनेको पद्मकन्या क्याम्पसको नेविसंघ पूर्व सभापति लक्ष्मी दाहालले जानकारी गराइन् । संघको कार्यसमिति सक्रिय नभएकाले नयाँ समिति गठन गरिएको दाहालले बताइन् । नयाँ कार्यसमितिमा पार्टी महामन्त्री गगन थापा निकटका विद्यार्थीहरू परेका छन् ।

# दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण अन्तिम चरणमा



**दैलेख–** दैलेखमा जारी पेट्रोलियम पदार्थ अन्वेषणको काम अन्तिम चरणमा पुगेको छ । खानी तथा भूगर्भ विभागका अनुसार हिजो बुधबारसम्म तीन हजार नौ सय तीस मिटर 'ड्रिलिङ' सम्पन्न भएको छ । अब ७० मिटर मात्र खन्न बाँकी छ ।

दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा गत वैशाख २८ गतेदेखि पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि ड्रिलिङ प्रारम्भ भएको थियो । विभागका पेट्रोलियम परियोजना प्रमुख गणेश नाथ त्रिपाठीका अनुसार यसै महिना ड्रिलिङ सक्ने लक्ष्यका साथ काम भइरहेको छ ।

चिनियाँ प्राविधिक टोलीले पहिलो चरणमा 'सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे' तोकिएकै समयमा सम्पन्न गरेको थियोभने ड्रिलिङको काम पनि निर्धारित समय अगावै सम्पन्न गरिने उनले बताए ।

चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा यो परियोजना कार्यान्वयनमा छ ।

» बाकी ६ पृष्ठमा

# पुराना दल नसच्चिए जनताले राम्रो जवाफ दिन्छन: संसद परियार




■ जनआकाश संवाददाता

**रामेछाप–** राष्ट्रिय स्वतन्त्र पार्टीको मन्थली नगरपालिका भेला कार्यक्रमको प्रमुख अतिथिको रुपमा आएका प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले मन्थलीमा आयोजित कार्यक्रमलाई सम्वोधन गर्ने क्रममा नेपाली काँग्रेस, एमाले लगायत पुराना दल राजनीतिक दल भनेर लेखिए पनि राजनीतिक दल नभएको बताएका छन् ।

पार्टी सभापति रवि लामिछानेको अभियोगको विषयमा अदालतमा मुद्दा विचाराधिन रहेको हुदा त्यता पर्टी बोल्न उचित नभएको तर यति चै भन्नेपर्छ रास्वपा विधिको साशन, सवैधानिक लोकतन्त्रको

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २०, २०८१ साल पुस १६ गते मंगलबार (Dec 31, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### नेपालका राजनीतिक पार्टीहरू नेतृत्वहरू तानाशाहीकरण हुदैहुदैन ।

*नेपालका राजनीतिक पार्टीहरुका नेतृत्वहरु पछिल्लो समय तानाशाहीकरण हुदै गएको देखिन्छ । २००४ सालमा स्थापना भएको नेपाली काँग्रेस, २००६ सालमा भारतमानै स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीहरु बिभिन्न त्यागी व्यक्तित्वहरुले सर्घषवाट स्थापना भएका भएपनि अहिले नेतृत्व गर्ने व्यक्तिहरु तानाशाहीकरण हुदै गईरहेका छन् । त्योभन्दा पछि स्थापना भएको नेकपा (माओवादी केन्द्र) पार्टीको नेतृत्व समेत तानाशाहीकरणमा अग्रसर भईरहेको देखिन्छ ।*

*उनिहरुका दस्तावेजहरुमा प्रतिस्पर्धा लोकतन्त्र उन्नत लोकतन्त्र अर्थात समाजवाद उन्मुख संविधानमा लेख्न समेत भ्याएका राजनीतिक पार्टीहरुका नेतृत्वले पार्टीभित्र नै चरम तानाशाही लादेको व्याक्ति विशेष हावी भएको आरोप लाग्दै आएको छ ।*

*पार्टीहरुमा नयाँ पुस्ताले राखेका प्रस्ताव, योजना र नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणको विषयलाई पार्टीभित्र छलफलमा राख्न नदिने, पुराना नेतृत्व जो विगतमा भारतमा पार्टी स्थापना कालदेखि अहिलेसम्म नेतृत्व गरेका व्याक्ति वाहेक अरु पार्टीको नेतृत्वमा नआउन र आउन चाहनेलाई केही न केही वहानामा पार्टीले कारवाहीको डण्डा चलाएर पाखा लगाउने काम हुदै आएको छ ।*

*अर्को पार्टी वाहिर समाजका स्थापना भएका राजनीतिक पार्टीहरुलाई हुर्किन, बढ्न नदिन युवा पुस्ता राजनीतिमा नआउन भनेर बिभिन्न षयन्त्रपूर्वक कामहरु समेत राजनीतिक शक्तिमा रहेका पार्टीका नेतृत्वहरुले पार्टीको दुरुपयोग गरेर पार्टीले गरेको दुवाई दिदैछन् । यो पनि अर्को ठुलो तानाशहीकरण हो ।*

*कुनैवेला नेपालका राणाशासनलाई जाहानिया तानाशाही भनेर आरोप लगाउदै सरकारको स्वाद चाख्न पुगेका र पछि सरकार सत्ताको समेत शक्ति हत्याउन सफल राजनीतिक पार्टी नेपाली काँग्रेस र एमाले पछि थपिएको माओवादी हालको माओवादी केन्द्रका पार्टीका नेतृत्व गर्ने व्याक्ति विशेषको चरित्र हेर्दा, देख्दा जाहानिया तानाशाही राणाकालीन भन्दा पनि चरम रुपमा व्याक्तिकरण तानाशाही भएको देखिन्छ ।*

*यस्ता चरित्रले नेपालका हजारौ फुल फुल्न देउ राम्रो फुल छान भन्ने उन्नत लोकतन्त्रको उपहास भएको छ । भरखरै स्थापना भएको यवाको नेतृत्व गर्दै नयाँ पार्टीको रुपमा स्थापना भएको रास्वपाका नेता कार्यकर्ताहरुलाई वर्तमान सरकारले गरेको व्यवहार हेर्दा र देख्दा पनि नेपाली जनताले नेपाली काँग्रेस, नेकपा एमालेलाई हेर्ने दृष्टिकोण तानाशाहीकरण भएको भन्न थालेका छन् । त्यसैले राजनीतिक पार्टीका नेतृत्व गर्नेहरु तानाशाहीकरण बन्नु हुदैन ।*

# नेरू भारूसाग पेग हुनुका कारण र आर्थिक परिणाम



*के नेपालको आर्थिक भविष्य स्वतन्त्र विनिमय दरमा निर्भर छ त ? नेपालले दशकौँसम्म भारतीय मुद्रासँगको स्थिर विनिमय दरमा आफ्नो मुद्रा बाँधेर आर्थिक स्थिरता कायम राखेको छ । तर आजको जटिल आर्थिक परिवेशमा यो प्रणालीले दीर्घकालीन फाइदा दिने वा नयाँ चुनौतीहरुको आधार सिर्जना गर्ने सवाल गम्भीर बहसको विषय बनेको छ ।*

**अंशु भट्ट**

नेपाल र भारतबीच सशक्त सांस्कृतिक, आर्थिक र भौगोलिक सम्बन्धहरू शताब्दीयौँदेखि छन् । ऐतिहासिकरूपमा नेपालले आफ्नै मुद्रा जारी गर्नुअघि कतिपय सीमावर्त नेपाली बजारमा भारतीय मुद्राको प्रयोग हुन्थ्यो । तर दुवै देशका बीच औपचारिक विनिमय दर भने सन् १९९३ मा कायम भयो । नेपाल राष्ट्र बैंकले भारतीय रिजर्भ बैंकसँग मिलेर नेपाली रुपियाँलाई भारतीय रुपियाँसँग स्थायीरूपमा १ भारतीय रुपियाँ बराबर १.६ नेपाली रुपियाँको दरमा पेग गर्‍यो । यो निर्णय ९० को दशकको शुरूमा मुद्रासम्बन्धी अस्थिरताका कारण गरिएको थियो । तर समयसँगै मुद्राको सटही दर परिवर्तन गर्ने प्रयत्न गरिए तापनि स्थायी दर भने पुरानै कायम रहिरह्यो ।

भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार थियो, जसले गर्दा आयात-निर्यातलाई सहज बनाउन त्यस समय स्थिर विनिमय दरको आवश्यकता बढ्दो देखिन्थ्यो । भारतीय रुपियाँसँग नेपाली रुपियाँ पेग गर्दा नेपालले मुद्रासम्बन्धी अस्थिरता घटाउन सक्यो, जसले व्यापार र लगानीका लागि स्थिर वातावरण प्रदान गर्नुको साथै व्यावहारिकतामा निकै सहयोग गर्‍यो । पेग प्रणालीले नेपालमा ६०-६५ प्रतिशत आयात भारतबाट हुने हुँदा आयातको मूल्यलाई स्थिर राख्न सहयोग गर्दथ्यो । साथै अन्तर्राष्ट्रिय आयात र निर्यातको कारोबार वृद्धिमा यसले सहजरुपमा नेपाली मुद्राको मूल्यांकन विदेशी मुद्रासँग गरेर निकै सहजता र व्यापारीकरणमा सहयोग गर्‍यो ।

यही कारणलाई मध्यनजर राख्दै सरकारले मुद्राको विनिमय दर सुनिश्चित गर्‍यो र हालसम्म पनि हामी नेपालीहरु यही पेग प्रणालीअनुसार मुद्राको कारोबार केवल भारतसँग मात्र होइन विश्वको हरेक मुद्रासँग गर्ने गर्दछौं । समयक्रमसँगै धेरै नेपाली युवाहरुले वैदेशिक रोजगारीबाट रेमिट्यान्स पठाउने प्रवृत्तिको विस्तार हुँदै गयो, जुन अवस्थामा स्थिर विनिमय दरले अझ प्रभावकारी मुद्राको सटही बनाउन मद्दत गर्‍यो । विगतको समयमा नेपाल भ्रमणमा आउने प्रमुख पर्यटकहरू भारतीय नै थिए, त्यसैले भारतबाट आउने पर्यटकहरूको लागि स्थिर विनिमय दरले लेनदेनलाई सरल बनाउन निकै सहज परिस्थिति बनायो, जसले गर्दा मुद्रा पेगको महत्व नेपालीहरुको लागि बढ्दै गयो ।

आजको समयमा पनि हाम्रो मुद्राको मूल्यांकन विश्वको हरेक मुलुकसँग भारतीय रुपियाँसँगै गर्ने गरिन्छ । प्रत्येक सेकेन्डमा विश्वको हरेक मुद्राको विनिमय दर फरक-फरक हुन्छ तर हाम्रो नेपाली मुद्राको सटही दर भारतीय रुपियाँमा सधैं एकसमान रहिरह्यो । अहिलेको अवस्थालाई नियाल्ने हो भने भारतीय मुद्राको विनिमय दर करिब दुई वर्षदेखि ओरालो लागेको छ, जसले गर्दा नेपालको मुद्राको सटही दर डलरसँग अहिलेसम्मकै महँगो सटही दरको रुपमा भेटिएको छ ।

आजको समयमा अमेरिकी १ डलर किन्नलाई नेपाली १३५.६६५ (०८।१२।२०२४) रुपियाँ तिर्नुपरेको छ । आखिर कहिलेसम्म भारतीय मुद्राको मूल्य घट्नेछ र नेपाली मुद्राको मूल्यांकन पनि त्यही अनुसार खस्किँदै जानेछ ? नेपाली बोर्डरको होटल, रेस्टुरेन्टहरुमा नेपाली १.३५ रुपियाँको सटही दर भारतीय १ रुपियाँसम्म पुगेको छ । यसअनुसार नेपाली मुद्राको मूल्यदर बढेको पाइन्छ, साथै नेपालको करिब २६.६ प्रतिशत आम्दानी वैदेशिक रोजगारबाट प्राप्त हुन्छ । साथै कालोबजारी र मनी लोन्डरिङजस्तो आम्दानीका स्रोतहरू पनि नेपालमा तुलनात्मकरुपमा भारतीय देशको स्रोतभन्दा कम भेटिन्छन् । यस्तै विविध कारणले गर्दा नेपाली मुद्राको मूल्यांकन विद्यमान भारतीय मुद्राको सटही दरभन्दा बढी हुन आउँछ भन्ने बहसहरु निकै चलिरहेका पनि छन् ।

तर यसको अर्को पक्ष पनि छ, भारतको आर्थशास्त्र विगत केही वर्षदेखि सुधारात्मक देखिन्छ, जसले गर्दा भारतीय जीडीपी, व्यवसायीकरण र औद्योगिकीकरणमा निकै प्रगति भएको देखिन्छ । जसको अर्थ भारतीय मुद्राको माग र आपूर्ति विश्वबजारमा बढेको देखिन्छ, सोही कारणले गर्दा भारतीय मुद्राको मूल्यांकन क्रमशः घट्दै गएको छ । यस समयमा नेपाली मुद्रा भारतीय मुद्रासँग पेग गर्नु नेपालीहरुको लागि फाइदा वा नोक्सान भन्ने प्रश्नले नेपालीहरुको मानसपटलमा स्थान पाइरहेको छ ।

अर्थशास्त्रीहरुले पनि यसबारेमा धेरै नै अनुसन्धान तथा रिसर्च गरिरहेका छन्, किनकि पेग सिस्टम निरन्तरतामा हामी नेपालीको फाइदा पनि छ । साथै सिस्टम हटाउँदा पनि नेपाली मुद्राको पहिचान र मूल्यांकन विश्वको मुद्रासँग हुन्छ, जसले गर्दा नेपाली मुद्राको क्रय-विक्रयमा प्रत्यक्ष आर्थिक उन्नतिको सम्भावना पनि उत्तिकै बढ्ने आँकलन गर्न सकिन्छ ।

### पेग नगर्दा हुने सम्भावित परिणाम

१. विनिमय दरमा अस्थिरता : बाँधविनाको अवस्थामा, नेपाली रुपियाँको विनिमय दर बजारको माग र आपूर्तिमा आधारित हुनेछ, जसले गर्दा विनिमय दरमा बारम्बार उतारचढाव हुन सक्छ । नेपालको सानो अर्थतन्त्र भएकाले यो बाह्य झट्का (इक्सटर्नल सक्स) मा बढी संवेदनशील छ । राजनीतिक, व्यापारिकजस्ता विभिन्न अस्थिरताले भारतसँगको सीमानजिकको व्यापारमा संलग्न व्यवसायको अनिश्चितता बढाउन सक्छ, जसले आयात र निर्यात मूल्यहरू, मुनाफा र बजेटमा प्रभाव पार्न सक्छ ।

२. भारतसँगको व्यापारमा प्रभाव : आयात लागतको कुरा गरौं । भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार हो, जसले नेपालको ६० प्रतिशतभन्दा बढी आयात पुर्‍याउँछ, जसमा पेट्रोलियम उत्पादनहरू, खाद्य सामग्रीहरू र निर्माण गरिएका वस्तुहरू समावेश छन् । स्थिर विनिमय दर नहुँदा, नेपाली रुपियाँ भारतीय रुपियाँको तुलनामा कमजोर भएमा आयात लागत बढ्न सक्छ । यसले विशेष गरी आवश्यक सामग्रीमा महँगी निम्त्याउन सक्छ । साथै यस निर्णयलाई हामीले हालसालै लियौं भने, सन् २०२६ मा नेपाल अति कम विकसित देशबाट विकासोन्मुख देशमा परिवर्तन नहुने प्रबल सम्भावना हुन आँउछ । यता निर्यात प्रतिस्पर्धात्मकतातर्फ कुरा गर्दा, नेपाली रुपियाँको मूल्य घटेमा नेपालबाट भारतमा निर्यात सस्तो हुनेछ, जसले नेपाली निर्यातलाई प्रतिस्पर्धात्मक बनाउन सक्छ । तर नेपालको निर्यात आधार सानो भएकाले यसको आर्थिक फाइदा सीमित हुन सक्छ ।

३. रेमिट्यान्स र मुद्रास्फीतिमा प्रभाव : नेपालले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ठूलो हिस्सा भारतमा कार्यरत नेपाली कामदारहरूद्वारा पठाइने रेमिट्यान्सबाट प्राप्त गर्छ । यदि नेपाली रुपियाँ भारतीय रुपियाँको तुलनामा कमजोर भयो भने, रेमिट्यान्सको मूल्य नेपाली रुपियाँमा वृद्धि हुनेछ, जसले नेपाली परिवारहरूलाई थप आम्दानी प्रदान गर्नेछ । तर नेपाली रुपियाँ बलियो भएमा भारतबाट पठाइने रेमिट्यान्सको मूल्य कम हुन सक्छ । यसै गरी, कमजोर नेपाली रुपियाँले आयात गरिएका वस्तुहरू महँगो बनाउँछ, जसले निम्न आय भएका घरपरिवारलाई प्रतिकूल असर गर्न सक्छ । तर दीर्घकालमा यदि अर्थतन्त्रमा सुधार आयो भने, नेपालको मुद्रा स्थिर हुन सक्छ । यदि नेपालले आफ्नो मुद्रा (नेपाली रुपियाँ) भारतीय रुपियाँ (आईएनआर)सँग नबाँध्ने निर्णय गर्‍यो भने, यसले अर्थतन्त्रमा धेरै महत्वपूर्ण परिवर्तन ल्याउन सक्छ । भारतीय रुपियाँसँगको बाँधले नेपालको सानो व्यापारमा निर्भर अर्थतन्त्रलाई स्थिरता दिएको छ । तर स्वतन्त्र विनिमय दरमा जाने वा अर्को मुद्रासँग बाँध्ने निर्णयले केही फाइदा र चुनौती ल्याउन सक्छ ।

४. मौद्रिक नीति नियन्त्रणको हानि र वित्तीय दबाब : स्वतन्त्र विनिमय दरमा गएमा नेपाल राष्ट्र बैंकलाई स्वतन्त्र मौद्रिक नीति अपनाउने थप लचकता मिल्न सक्छ तर दक्ष व्यक्तिहरु र उपयुक्त रणनीति बनाउन सक्ने क्षमतावान् व्यक्तित्वको अभावमा अझ यो निर्णय देशको अर्थतन्त्रमा हानिकारक हुन सक्छ । यद्यपि, भारतीय अर्थतन्त्रसँगको उच्च निर्भरताले गर्दा नेपाल राष्ट्र बैंकले भारतीय मौद्रिक नीतिहरूको निगरानी गर्नुपर्दछ । विनिमय दर उतारचढावले सरकारी ऋणलाई महँगो बनाउन सक्छ, जसले नेपालको वित्तीय नीति र विदेशी मुद्रा कोषमा दबाब बढाउनेछ ।

५. ठूलो विदेशी मुद्रा कोषको आवश्यकता : स्वतन्त्र विनिमय दरमा गएमा, नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा कोषलाई विविधीकरण गर्न आवश्यक पर्दछ, ताकि कुनै संकटको समयमा मुद्रा स्थिर राख्न सकियोस् । नेपालका सीमित विदेशी मुद्रा स्रोतहरूलाई ध्यानमा राख्दै यसले थप जोखिम र चुनौती ल्याउन सक्छ ।

६. क्षेत्रीय र अन्तर्राष्ट्रिय वैकल्पिक पेगको सम्भावना : यदि नेपालले भारतीय रुपियाँसँग बाँध छोड्ने निर्णय गर्छ भने, यसले नेपाली रुपियाँलाई अमेरिकी डलरजस्ता थप स्थिर मुद्रासँग बाँध्न सक्नेछ । यसले स्थायित्व प्रदान गर्न सक्छ तर यसले नेपाल र भारतबीचको विनिमय दरमा असर पार्न सक्छ, जसले नेपालको व्यापारलाई असर गर्न सक्छ । वैकल्पिकरूपमा, नेपालले क्षेत्रीय या मुद्रा बास्केट प्रणाली अपनाउन सक्छ, जहाँ नेपाली रुपियाँको मूल्य विभिन्न मुद्राहरूको मिश्रणमा बाँधिन्छ । यसले समग्रमा नेपाली रुपियाँलाई स्थिर बनाउन सक्छ तर यसले आर्थिक र प्रशासनिक चुनौती पनि ल्याउनेछ ।

### निष्कर्ष

के नेपालको आर्थिक भविष्य स्वतन्त्र विनिमय दरमा निर्भर छ त ? नेपालले दशकौँसम्म भारतीय मुद्रासँगको स्थिर विनिमय दरमा आफ्नो मुद्रा बाँधेर आर्थिक स्थिरता कायम राखेको छ । तर आजको जटिल आर्थिक परिवेशमा यो प्रणालीले दीर्घकालीन फाइदा दिने वा नयाँ चुनौतीहरूको आधार सिर्जना गर्ने सवाल गम्भीर बहसको विषय बनेको छ । नेपाली मुद्राको पेग भारतीय मुद्रासँग हुँदा दशकौंदेखि नेपालले धेरै सहजता र फाइदा पनि उठाएको छ तर पनि समय-समयमा नेपाली अर्थतन्त्रले हानि र जोखिम पनि नउठाएको भने होइन ।

के नेपालीहरुले बिस्तारै वित्तीय परियोजना र लक्ष्य बनाउँदै योग्य जनशक्ति र रणनीति लिएर स्वतन्त्र एवं उच्च नेपाली मुद्राको मूल्यांकनको रणनीति लिनुपर्ने आवश्यकता छैन र ? के नेपालले भारतीय अर्थतन्त्रको छायाबाट बाहिर निस्किएर स्वतन्त्र आर्थिक पहिचान बनाउन सक्छ ? वा भारतसँगको गहिरो व्यापारिक र सांस्कृतिक सम्बन्धलाई मजबुत गर्दै, स्थिर विनिमय दरकै संरक्षण गर्नुपर्ने हो ?

यो प्रश्नले नेपाली नीति निर्माता, व्यवसायी र नागरिकलाई सोचमग्न बनाएको छ त ? तर नेपालको आर्थिक भविष्यलाई नै पुनः परिभाषित गर्ने मोडमा पुर्‍याएको छ । नेपालको अर्थतन्त्रको यो संवेदनशील निर्णयले समग्र देशलाई आर्थिक समृद्धिको नयाँ दिशामा लैजान सक्छ वा मौद्रिक संकटको भुमरीमा फसाउन सक्छ, यो समयले मात्र बताउनेछ । तपाईं के सोच्नुहुन्छ ? नेपाली मुद्राको पहिचानको लागि अबको सही निर्णय के होला ?

# प्रतिभाशाली कलाकार बिजेन्द्र नौवागे



**काठमाडौं–** कलाकारिता क्षेत्रमा लामो समयदेखि सङ्घर्ष गर्दै आएका बिजेन्द्र नौवागे एक प्रतिभाशाली कलाकारका रूपमा चिनिन्छन् । उनले थुप्रै सिरियल र म्युजिक भिडियोमा निर्देशन र अभिनय गर्दै आफ्नो स्थान बनाएका छन्। पछिल्लो समय उनले आफ्नै शब्द, सङ्गीत र अभिनय समावेश गरेका थुप्रै गीतहरु बजारमा सार्वजनिक गरेका छन्, जसमा उनले "सारा हाँसो बोलको गीत हालै मात्र सार्वजनिक गरेका छन् ।

पत्रकारिता क्षेत्रबाट कलाकारिता क्षेत्रमा पाइला टेकेका नौवागे अहिले लोकप्रिय मोडल र सर्जकका रूपमा परिचित छन् । उनले कलाकारिता पेसालाई आफ्नो कर्म थलो बनाउँदै थुप्रै उत्कृष्ट सिर्जनाहरु प्रस्तुत गरेका छन् भने केही गीतहरूले इतिहास पनि रच्न सफल भएका छन् । नौवागेसँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेका कुराकानी यस अङ्कमा प्रस्तुत गरिएको छ ।

**कलाकारिता क्षेत्रको अवस्था कस्तो छ अहिले ?**

कलाकारिता क्षेत्रको अवस्था हेर्ने हो भने पछिल्लो समय दयानिय छ । दिन प्रतिदिन कलाकारहरू प्रदेशीनी क्रम बढ्दो छ । नेपालमा बसेर कलाकारिताबाट बाच्ने सम्भावना कमै देखिन्छन् । तर कलाकारिता क्षेत्रमा भबिष्यनै छैन चाही भन्न सकिदैन् राम्रो गर्ने र चल्न सक्ने कलाकारलाई धेरै राम्रो छ उनीहरूले आफ्नो रोजीरोटी राम्रोसँग चलाएका छन् । तर चल्न नसकेका कलाकारिता क्षेत्रमा भविष्य खोज्दै सङ्घर्ष गरेका कलाकारलाई बिहान बेलुका छाक टार्न समेत मुस्किल छ । समग्रमा भन्नु पर्दा कलाकारिता क्षेत्रमा त्यति राम्रो भविष्य छैन ।

**तपाइको कलाकारिता यात्रा कसरी सुरू भयो ?**

मेरो बच्चै देखिको सोच हो कलाकार बन्ने, म सानैदेखि नाच्न रुचि राख्थे स्कुल कलेज तिर पनि म आफ्नो कला देखाउँथे, मेरो कला देखेर स्कुलको साथीभाइले

मलाई पछि गएर कलाकार बन्छस् भन्थे मेरो सोच पनि त्यही नै थियो आफू प्रर्धामा देखिएर सबैलाई बिजेन्द्र नौवागे नामले चिनाउने । कलाकार बन्नकै लागि म स्याङ्जाबाट काठमाडौं आए अनि बिस्तारै कलाकारिता क्षेत्रमा सङ्घर्ष गर्दे गए कलाकारिता क्षेत्रमा लागेको पनि अहिले १६,१७ वर्ष भइसक्यो ।

**सङ्घर्ष र जीवनलाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ ?**

सङ्घर्ष भनेको सफलतासँगको सम्बन्ध हो । जहाँ सङ्घर्ष हुन्छ, त्यहाँ सफलता पाइन्छ । यसलाई म जीवनको एक महत्त्वपूर्ण हिस्सा मान्छु । जीवन भनेको एक प्रकारको भोगाइ हो, जसमा सुख र दुःख दुवैको मिश्रण हुन्छ । समय र परिस्थितिका अनुसार हामीलाई विभिन्न चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । सङ्घर्ष बिना केही पनि प्राप्त गर्न सकिँदैन ।

जीवनमा समस्याहरू र चुनौतीहरू आइरहन्छन्, तर हामीले ती समस्याहरूको सामना गर्दै अघि बढ्नुपर्छ । मैले यो अनुभव गरेको छु कि जहाँ सङ्घर्षको भावना हुन्छ, त्यहाँ सफलता पनि सम्भव हुन्छ । संघर्षले हामीलाई हिम्मत र साहस दिन्छ । हामी कहिले पनि सङ्घर्ष गर्नबाट थाक्न हुँदैन । थाक्ने व्यक्ति कहिल्यै सफल पनि हुँदैन । भन्दै कलाकार बिजेन्द्र नौवागे जन आकाश मिडियासँग बताउँछन् ।

# स्वास्थ्य सेवा सुधारका निम्ति प्रयत्न थाली सेकेका छौं: स्वास्थ्य मन्त्री पौडेल

**काठमाडौं–** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले आफूले स्वास्थ्य सेवा सुधारका लागि काम सुरु गरिसके को बताएका छन् । काठमाडौँमा जारी दुई दिने स्वास्थ्य सम्मेलनलाई सम्बोधन गर्दै आफूले नेपालको स्वास्थ्य क्षेत्र सुधारका लागि कार्य सुरु गरिसको बताएका हुन् ।

कार्यक्रममा उनले स्वास्थ्य बीमा, जनशक्ति वृद्धि, औजार मर्मत लगायत विषयमा कार्य भइरहेको बताए । 'हामीले स्वास्थ्य सेवा सुधार गर्नका निम्ति प्रयत्न थली सेकेका छौं ।' उनले भने, 'बीमाको क्षेत्रमा, औषधिको क्षेत्रमा, जनशक्ति वृद्धि गर्ने सन्दर्भमा हामीले काम सुरु गरीसकेका छौं । उपकरण बनाउने सन्दर्भमा, भवनलाई व्यवास्थित बनाउने सन्दर्भमा, स्रोत बढाउने सन्दर्भमा काम अघि बढाएका छौं ।'

देशको स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने उद्देश्यसहित मन्त्रालयले बिहीबार र शुक्रबार दुई दिन स्वास्थ्य सम्मेलन गर्दै छ । प्रवासी चिकित्सक, स्वास्थ्यकर्मी र जनस्वास्थ्यकर्मीहरूको ज्ञान, सीप, र स्रोतलाई नेपालको स्वास्थ्य प्रणाली सुदृढ बनाउन प्रयोग गर्ने उद्देश्यसहित काठमाडौँमा दुईदिने सम्मेलन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

# बागमती प्रदेशमा दुर्घटना कम गर्न सवारीसाधनको झल्लर र स्टिकर हटाउने अभियान



**काठमाडौं–** दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले बागमती प्रदेशको १० जिल्लामा झल्लर र स्टिकर हटाउन थालेको छ । अभियान नै सुरु गरेर प्रदेशभित्र चल्ने ठुला साना सवारीमा जडान गरिएको फोकस लाइट, झल्लर र स्टिकर हटाउन थालिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय चितवनले जनाएको छ ।

धादिङ, चितवन, काभ्रे, मकवानपुर, रामेछाप, सिन्धुली, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक र रसुवामा चल्ने ७ सय ३२ वटा सवारी साधनको झल्लर, स्टिकर र फोकस लाइट ट्राफिक प्रहरीले हटाएको छ ।

पुस १३ बाट सुरु गरिएको सो अभियान निरन्तर सञ्चालन हुने राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय चितवनका एसपी नरेश सुवेदीले रातोपाटीलाई बताए ।

उनले भने, 'सवारी साधनमा अनावश्यक रूपमा लगाइएको स्टिकर, झल्लर र फोकस लाइटको कारण दुर्घटनाको जोखिम बढ्ने हुनाले हटाउन लगाइएको हो ।'

ध्वनि प्रदूषण गर्ने प्रेसर हर्न पनि ट्राफिक प्रहरीले हटाएको छ । गाडी कम्पनीले जडान गरेको भन्दा चालकले थप फोकस लाइट जडान गरेर चलाउँदा विपरीत दिशाबाट आउने सवारी साधन चलाउन असहज हुने र दुर्घटनाको जोखिम हुने ट्राफिक प्रहरीका अधिकृतहरू बताउँछन् ।

## रामेछाप डायरी

# पहिलो चौमासिकमा मन्थली नगर पालिकाको खर्च २० प्रतिशत मात्रै




रामेछापको मन्थली नगरपालिकाले चालु आर्थिक वर्षको हालसम्म जम्मा बजेटको २० प्रतिशत मात्रै रकम खर्च गरेको छ । शुक्रबार (आज) मन्थली नगरपालिकाको आयोजनामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवर्षि सापकोटाले सो कुरा बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत सापकोटाले चालु आर्थिक वर्षको साउनदेखि मंसिर महिनासम्म भएको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

नगरपालिकाले जम्मा बजेट १ अर्ब १ करोड ९७ लाख ८१ हजार रहेकोमा २० प्रतिशत मात्रै रकम खर्च गरेको हो । यो अवधिसम्म चालु तर्फ ७० करोड ४ लाख ५५ हजार बजेट रहेकोमा २६ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगत तर्फ ३१ करोड ९३ लाख २६ हजार बजेट रहेकोमा ६ प्रतिशत मात्रै बजेट खर्च भएको प्रमुख प्रशासकीय अधिकृत सापकोटाले बताउनुभयो ।

यो अवधिसम्म नगरपालिकाले १ करोड ७३ लाख रकम राजश्व संकल गरेको छ । साना ठुलागरी ३ सय ७० वटा योजनाहरु रहेकोमा १०८ वटा सम्झौता भई २५ वटा योजनाको काम सम्पन्न भएर भुक्तानी समेत भैसकेको छ ।

एकीकृत घुम्ती शिविर सहित वडा नं ७ भटौलीमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नागरीकहरुले प्रश्न,जिज्ञासा सहित गुनासो राखेका थिए । नागरीकले शिक्षा,स्वास्थ्य,कृषि,सडक,पशुपालन,विपद व्यवस्थापन लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित प्रश्न गरेका थिए । नागरीकहरुले सोधेको प्रश्नको जवाफ नगरपालिकाका प्रमुख लब श्रेष्ठ र वडा नं ७ का वडाअध्यक्ष भुवनहरि प्रसाइले दिनुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्नु हुँदै मन्थली नगरपालिका प्रमुख लब श्रेष्ठले समृद्ध नगरपालिका बनाउन सबैजना एकजुट भएर लाग्नु पर्ने बताउनुभयो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी नागरिकले सोधेको प्रश्न,जिज्ञासा तथा गुनासो लाइ मुख्य प्राथमिकतामा राखेर सेवा प्रवाह र विकास निर्माणको कामलाइ अघि बढाउने बताउनुभयो ।

हजुरको रेडियोले सहजीकरण गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा जनप्रतिनिधि,वडा तथा पालिकाका कर्मचारी,विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी,पत्रकार र धेरै नागरीकहरुको उपस्थिती रहेको थियो ।

# रामेछापको मन्थलीमा गुडि रहेको टिफरबाट खसेर सह चालकको मृत्यु




रामेछापको मन्थलीमा गुडि रहेको टिफरबाट खसेर सह चालकको मृत्यु भएको छ । मन्थली नगरपालिका १ बाट मन्थली नगरपालिका ४ सालु तर्फ गइ रहेको प्रदेश नः ३०१००३ क ५७६४ नम्बरको टिफरबाट खसेर आईतबार(आज) सोहि टिफरका सह चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा मन्थली नगरपालिका वडा नः ४ का ३२ बर्षका नारायण बस्नेत रहेको जिल्ला प्रहरी कार्यालय रामेछाप प्रहरी निरिक्षक तथा रामेछापका प्रहरी प्रवक्ता कौशल न्यौपानेले जानकारी दिनुभयो ।

प्रवक्ता न्यौपानेका अनुसार उप्त टिफर बालुवा लिएर सालु तर्फ जादैं थियो । टिफरबाट खसेर घाइते भएका बस्नेतलाई उपचारको लागि तामाकोसी अस्पताल लगिएको थियो ।

बस्नेतको उपचारको क्रममा दिउँसो २ बजे तामाकोसी अस्पतालमा मृत्यु भएको हो । टिफर र टिफर चालकलाई प्रहरीले नियन्त्रण लिएको छ ।

# सर्प वर्षलाई स्वागत गर्दै मनाइयो "तमु ल्होसार"



**काठमाडौं–** गुरुङ समुदायले सुगा वर्षलाई बिदाइ गरी सर्प वर्षलाई स्वागत गर्दै आज 'तमु ल्होसार' मनाएका छन् ।

परापूर्वकालमा गुरुङ समुदायले वर्षलाई १२ जनावरको नामबाट गणना गरी नयाँ वर्षको नामकरण गरेको सङ्घुवासभा तमु समाजका महासचिव प्रभुराम गुरुङले जानकारी दिए । सुगा वर्गलाई कसैले भने गिद्ध वर्गअर्थात् वर्ष पनि भन्ने गरेका छन् । गाई, बाघ, बिरालो, सुगा, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, मृग र मुसा गरी १२ जनावरका नामबाट वर्षको नामकरण गरिएको छ ।

नयाँ वर्ष सुरु भएको खुशियालीमा गुरुङ समुदायले देशभर विभिन्न कार्यक्रम आयोजना गरेका छन् । राजधानीको टुँडिखेलमा तीनदिन अघिदेखि ल्होसार महोत्सव आयोजना गरिएको छ । महोत्सव मङ्गलबारसम्म सञ्चालन हुने तमु ह्युला छोंज धीं राष्ट्रिय परिषद्ले जनाएको छ ।

'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । यसलाई कतिपयले उच्चारणका रुपमा तमु ल्होछार पनि भन्ने गर्छन् । यस दिन गुरुङ समुदायका मानिस परम्परागत भेषभुषामा सजिएर तमु ल्होसार कार्यक्रममा सहभागी हुन्छन् ।

'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको विश्वास गरिन्छ । यसपछि क्रमशः तामाङ र शेर्पा जातिको बसोवास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा ती समुदायले यो पर्व मनाउने विश्वास गरिन्छ ।

पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्व रहेको यस समुदायका अगुवाको भनाइ छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २०, २०८१ साल पुस १६ गते मंगलबार (Dec 31, 2024)

# दीपेन्द्र सिंह ऐरी बने ओमोडा एण्ड जेको गाडीको ब्रान्ड एम्बेस्डर



**काठमाडौं-** नेपाली क्रिकेट टोलीका सदस्य दीपेन्द्र सिंह ऐरी ओमोडा एण्ड जेको गाडीको ब्रान्ड एम्बेस्डर नियुक्त भएका छन् ।

ओमोडा एण्ड जेको गाडीको नेपालका लागि आधिकारिक बिक्रेता शारडा ग्रुप अन्तर्गतको एसपीजी अटोमाोइल्सले ऐरीलाई सोमबार ब्रान्ड एम्बेस्डरमा नियुक्त गरेको हो ।

कम्पनीले ऐरीसँग ३ वर्षका लागि सम्झौता गरेको छ ।

कम्पनीले नेपाल प्रिमियर लिगमा जितेका गाडी हस्तान्तरण गर्दै ऐरीलाई ब्रान्ड एम्बेस्डर बनाएको घोषणा गरेको हो । ओमोडा एन्ड जेइको एनपिएलको पहिलो संस्करणको लागि 'ड्रिभन बाइ' सह-प्रायोजक रहेको थियो ।

कार्यक्रममा शारडा ग्रुपका अध्यक्ष शिव रतन शारदा, प्रबन्ध निर्देशक सन्दीपकुमार शारडा, एसपिजि अटोमोबाइल्सका निर्देशक गौरव शारडा, एसपिजि अटोमोबाइल्सका अन्य सदस्यहरू, नेपाल क्रिकेट संघका पदाधिकारीहरू उपस्थिती थियो ।

कार्यक्रममा सम्बोधन गर्दै ऐरीले आफ्नो ओमोडा एन्ड जेकोसँगको आबद्धतामा खुसी व्यक्त गर्दै भने, ' किफायती मूल्यमा अत्याधुनिक सुविधाहरू भएको फ्युचरिस्टिक इभि यो सेगमेन्टमा नै उत्कृष्ट र बेजोड छ । इनोभेसन र फ्युचरिस्टिक टेक्नोलोजीमा अगाडि रहँदै इभी बजारमा उल्लेखनीय सफलता हासिल गरेको ब्रान्ड ओमोडा एन्ड जेकोसँग आबद्ध हुन पाउँदा म अत्यन्त उत्साहित छु ।'

कार्यक्रममा एनपिएलको 'इलेक्ट्रिफाइड प्लेयर अफ द टुर्नामेन्ट'को पुरस्कार स्वरूप ओमोडा इ-फाइभको साँचो ऐरीलाई हस्तान्तरण गरिएको थियो ।

त्यसक्रममा एसपिजि अटोमोबाइल्सका निर्देशक गौरव शारडाले भने, 'अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसि) को पुरुष टि२० अलराउन्डरमा दोस्रो वरीयतामा रहेका ऐरी नेपाली तथा विश्व क्रिकेटका उदाउँदो ताराहरूमध्ये एक हुन् । आफ्नो कुशलता र पर्फमेन्समा सदैव उच्चतस्तरको लगाव राख्ने दीपेन्द्र सिंह ऐरीजस्ता उदाउँदा युवा खेलाडीलाई ओमोडा एन्ड जेइकोको ब्रान्ड एम्बेसेडर नियुक्त गर्न पाउँदा हामी गौरवान्वित महसुस गर्दछौं ।'

दीपेंद्र सिंह ऐरी नेपाली क्रिकेटका एक युवा र प्रतिभाशाली क्रिकेटर हुन् । आक्रामक ब्याटिङ र बलिङका लागि परिचित ऐरीसँगको प्रायोजन सम्झौताले नेपाली क्रिकेट र अटोमोबाइल क्षेत्र दुवैलाई नयाँ उचाइमा पुर्‍याउने अपेक्षा कम्पनीको छ ।

# ग्लोबल आइएमई बैंकको १८औँ वार्षिकोत्सवको अवसरमा ३५ जना छात्रालाई छात्रवृत्ति प्रदान

**काठमाडौं-** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छ ।

बैंक पौष १८ गते विहिबारदेखी आफ्नो स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गर्दैछ । ग्लोबल आइएमई छात्रालाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत बैंकले विभिन्न सामुदायिक तथा सरकारी विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा प्रवेश गरेका विपन्नवर्गका ३५ जना जेहेन्दार छात्राहरुलाई छात्रवृत्ति प्रदान गरेको छ ।

यी छात्राहरुलाई कक्षा १२ सम्मको अध्ययनका लागि बैंकले हरेक वर्ष छात्रवृत्ति प्रदान गर्नेछ । यस कार्यक्रम अन्तगर्त बैंकले प्रत्येक प्रदेशबाट ५ जना जेहेन्दार छात्राहरु छनौट गरी जम्मा ३५ जना छात्रालाई वर्षको १२ हजार रुपैयाँको दरले छात्रवृत्ति प्रदान गर्नेछ । यो कार्यक्रम अन्तर्गत बैंकले अहिलेसम्म १४० जनालाई उक्त छात्रवृत्ति ब्यवस्था गरी छात्राहरुको शैक्षिक गुणस्तरमा योगदान गरिरहेको छ ।

समाजको विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको र महिला शिक्षित भएमा समाजको चेतनास्तर अभिवृद्धि हुनुका साथै महिलाहरु आर्थिक रुपमा सबल हुन समेत मद्दत पुग्ने हुनाले यो कार्यक्रम गरिएको बैंकले जनाएको छ । यस कार्यक्रमबाट आर्थिक समस्याका कारण बीचमै विद्यालय छाड्न बाध्य छात्राहरुलाई न्यूनतम् विद्यालय शिक्षा पूरा गर्न सहयोग पुग्ने बैंकको विश्वास छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरुमार्फत आम जनमानसलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।




बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्न लो कस्ट क्यारियरलाई प्रेरित गरौं'

**काठमाडौं-** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का पूर्वमहानिर्देशक सञ्जीव गौतमले पोखरा अन्तर ाष्ट्रिय विमानस्थल न्यारोबडी जहाज उडानका लागि प्राविधिकरुपमा योग्य रहेको भन्दै लो कस्ट क्यारियरलाई प्रोत्साहित गर्नुपर्ने बताएका छन् ।



उनले शुक्रबार काठमाडौंमा भएको एभिएसन मिटमा न्यारोबडी जहाज उडानका लागि पोखराको २५०० मिटर लम्बाइको धावनमार्ग पर्याप्त रहेको भन्दै विमानस्थल मज्जाले चलाउन सकिने तर त्यसका लागि वायुसेवा कम्पनीलाई प्रोत्साहित गर्नुपर्ने बताए ।

'२५०० मिटरको धावनमार्गमा न्यारोबडी जहाज संचालन गर्न सकिन्छ । पोखरामा लो कस्ट क्यारियरलाई उडान गर्न प्रेरित गर्न आवश्यक छ,' उनले भने, 'नयाँ वायुसेवालाई टीआईएमा ट्राफिक कन्जेसन देखाएर पोखरा पठाउन आवश्यक छ । टिकटमा भ्याट र उपकरणमा भन्सार शुल्क लगाउनु हुन्न । यस्तै वायुसेवा कम्पनीले यात्रु पाउने सुनश्चितताका लागि म्यानपावर कम्पनीदेखि श्रमिकको स्वास्थ्य परीक्षण र भिसा सहजै पाउने व्यवस्था गर्न आवश्यक छ ।'

उनले गौतमबुद्ध विमानस्थलमा वाइडबडी जहाज चलाउन सकिने तर बजार सुनिश्चितताका लागि सरकारले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताए । उनले पोखरा र भैरहवा विमानस्थल फुल फ्लेजमा संचालनका लागि सडकको अवस्था सुधार गर्नुपर्नेमा पनि जोड दिए ।

# आइएमई समूहको लगानीमा कैलालीमा केवलकार निर्माण हुने, परराष्ट्रमन्त्री राणाद्वारा शिलान्यास

**काठमाडौं-** कैलालीको कर्णाली चिसापानीमा निर्माण हुने जालपादेवी केबलकारको शनिबार शिलान्यास भएको छ ।

परराष्ट्रमन्त्री आरजु राणा देउवाले लम्की चुहाँ नगरपालिका वडा नम्बर ३ स्थित कर्णाली चिसापानीमा ३.१ किलोमिटर लामो केबलकारको शिलान्यास गरिन् ।

परराष्ट्रमन्त्री राणाले जालपादेवी केवलकारको निर्माणले समग्र सुदूरपश्चिम प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा उल्लेख्य भूमिका खेल्ने बताइन् ।

उनले भनिन्, 'सुदूरपश्चिम पर्यटन, संस्कृति, परम्परा र जैविक विविधतामा धनी छ । प्राकृतिक स्रोत एवं सम्पदाहरूले यो भूगोल जति सम्पन्न छ त्यति नै यहाँका नागरिकमा सांस्कृतिक एकता र सद्भाव पनि छ । यसकारण मुलुकको सुदूरपश्चिम क्षेत्रका समुदायहरू विकासप्रेमी पनि छन् । हाम्रो सुदूरपश्चिम प्रदेशमा बन्ने यस केबलकार, होटलसहितको भव्य पर्यटकीय पूर्वाधारले सुदूरपश्चिम र मुलुककै समृद्धिका लागि पनि धेरै ठूलो उपलब्धि हुनेछ ।'

उनले आयोजना समयमै सम्पन्न गर्न तथा आगामी दिनमा यो क्षेत्रका सम्भावना र आवश्यकता हेरेर यो क्षेत्रमा पर्यटन लगायतका पूर्वाधारहरूमा बढीभन्दा बढी लगानी गर्न पनि आग्रह गरिन् ।

'काठमाडौंको चन्द्रागिरिदेखि नेपालका सातै प्रदेशमा केबलकार तथा पर्यटन पूर्वाधारहरू निर्माण गरिरहेको आइएमई ग्रुपजस्तो व्यावसायिक समूहलाई सुदूरपश्चिम प्रदेशमा हार्दिक स्वागत गर्न चाहन्छु । यहाँहरूको दक्षता, अनुभव र क्षमता अनुसार यो केबलकार प्रोजेक्ट समयमै सम्पन्न होस् भनी कामना गर्दछु,' उनले भनिन् ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले निर्माण हुने केबलकार तथा अन्य पूर्वाधारले सुदूरपश्चिम प्रदेशको विकासमा उल्लेखनीय भूमिका खेल्ने बताए । उनले नेपालको पश्चिम भेगमा भौतिक विकासका पूर्वाधार कम रहेको बताउँदै यस्ता पूर्वाधार विकासमा थप लगानी भित्र्याउन निजी क्षेत्रलाई आग्रह समेत गरे ।

'सुदूरपश्चिम, कर्णाली तथा लुम्बिनी प्रदेशमा आधुनिक विकासका ठूला पूर्वाधारहरू निकै कम छन् । यस्ता पूर्वाधारका थप आयोजनाहरू लिएर हाम्रो क्षेत्रमा आउनुहोस् । हामी तपाईंहरूलाई स्वागत गर्दछौं,' उनले भने ।

उनले वन विकासमा बाधक नभई सहयोगी बन्ने बताउँदै यस्ता विकासका पूर्वाधारमा स्वदेशी काठको प्रयोग गर्न आग्रह गरे ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम प्रदेशको प्रवेशद्वार यस कर्णाली चिसापानीमा निर्माण हुने यस केबलकार र रिसोर्टले शाहसिक, धार्मिक र मनोरञ्जन पर्यटनलाई बढवा दिने बताए । जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटनले मात्र नेपालको आर्थिक, सांस्कृतिक र सामाजिक मुलुकको कायापलट गर्न सम्भव रहेका बताए ।

उनले भने, 'पर्यटन पूर्वाधारमा लगानी गरे मात्र




लक्ष्यअनुसार पर्यटक भित्र्याउन सकिन्छ । पर्यटकको बसाइँ लम्बाउन सकिन्छ । थप विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । थप रोजगारी सिर्जना गर्न सकिन्छ । थप राजस्व उठाउन सकिन्छ र हामीले अपेक्षा गरेको आर्थिक विकास र समृद्धि हासिल गर्न सकिन्छ ।'

उनले पर्यटनले अन्य सेवा क्षेत्रको तुलनामा धेरै रोजगारी सिर्जना गर्छ र यसबाट राजस्व पनि बढी सिर्जना हुने बताए । लम्की चुहाँ नगरपालिका वडा नम्बर ३ को चिसापानीदेखि मोहन्याल गाउँपालिका वडा नम्बर ७ राजकाँडासम्म पुग्ने ३.१ किलोमिटर लामो केबलकारमा ३४ वटा गोन्डोला हुनेछन् ।

कुल ५ अर्ब रुपैयाँ लगानी हुने केबलकारको बटम स्टेसनमा केबलकार, होटल, क्यासिनो, ब्याक्वेट हल निर्माण हुनेछन् भने टप स्टेसनमा रिसोर्ट, मन्दिर, स्काई वक, वाकिङ ट्रेल, रेष्टुरेन्ट तथा चिल्ड्रेन पार्कसहित अन्य पर्यटकीय तथा मनोरञ्जनात्मक पूर्वाधारहरू निर्माण हुनेछन् ।

# लगानीयोग्य रकम थुप्रिएपछि बैंकले दिन थाले ७% भन्दा कम स्थिर ब्याजदरमै ऋण

**काठमाडौं-** प्रणालीमा लगानीयोग्य रकम थुप्रिएपछि बैंकहरुले निक्षेपको ब्याजदर निरन्तर घटाएपछि लागत कम हुँदा आधार दर (बेसरेट) तल आएर कर्जा सस्तिन पुगेको छ ।

२०८० असोजमा वाणिज्य बैंकहरुको औसत बेसरेट १०.२० प्रतिशत रहेकामा अहिले ७.०४ प्रतिशतमा झरेको छ । बेसरेट घट्नु भनेको ऋणको ब्याजदर सस्तो हुनु हो । बैंकहरुले आधार दरमा ५ प्रतिशतसम्म प्रिमियम थपेर ऋण दिन्छन् ।

पुसमा स्ट्यान्डर्ड चार्टर्ड बैंकको बेसरेट सबैभन्दा कम ५.३८ प्रतिशत झरेको छ । सबैभन्दा धेरै एनआईसी एसिया बैंकको बेसरेट ८.०४ प्रतिशत छ । अन्य बैंकहरुको बेसरेट ८ प्रतिशतभन्दा कम छ ।

आर्थिक गतिविधिमा सुस्तताका कारण कर्जाको माग नभएपछि बैंकले निक्षेपको ब्याजदर निरन्तर घटाउँदा बेसरेट तल आएको हो ।

आर्थिक गतिविधि सुस्त भइ माग खुम्चिएपछि बैंकहरुले बेसरेटमै कर्जा प्रवाह गर्न थालेका छन् । बैंकहरुले घर तथा गाडी किन्न चाहनेका लागि स्थिर ब्याजदरमा कर्जा दिइरहेका छन् । कर्जाको औसत ब्याजदर ९ प्रतिशत हाराहारी रहेकामा बैंकहरुले घर तथा गाडी कर्जा ७ प्रतिशतभन्दा कम स्थिर ब्याजदरमा दिइरहेका छन् ।

नेपाल बैंकले २ करोडसम्मको घर कर्जा ६.८१ प्रतिशतमा दिइरहेको छ । गाडी कर्जाको ब्याजदर बैंकले ६.८९ प्रतिशत कायम गरेको छ ।

नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय तरलता पर्याप्त रहेको तर माग बढ्न नसकेका कारण कर्जाको ब्याजदर घटाएको बताउँछन् । उनका अनुसार सस्तो र स्थिर ब्याजदरको स्किमले माग विस्तारै बढ्न थालेको छ ।

बैंकहरुले प्राथमिकताप्राप्त क्षेत्रमा बेसरेटमा बढीमा २ प्रतिशत मात्र प्रिमियम जोड्न पाउँछन् । त्यसकारण पनि कर्जाको ब्याजदर धेरै तल झरेको छ । कर्पोरेट ऋणीहरुले त बेसरेटमै कर्जा पाइरहेका छन् ।

नयाँ कर्जाको माग नरहेको र यसअघि लिएको कर्जा पनि असुल नभइरहेको अवस्थामा बाध्य भएर ब्याजदर घटाउनु परेको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत खुदेश खालिङले बताए ।

'ब्याजदर माग र आपूर्तिले तय गर्ने हो । अहिले कर्जाको माग अपेक्षाजनक छैन । माग नबढेपछि ब्याजदर घट्न थालेको हो,' खालिङ भने, 'निक्षेपको ब्याजदर घट्दा त्यसको प्रभाव सिधै कर्जाको ब्याजदरमा पर्छ । ऋणीहरुले किस्ता तिर्न नसकेको बेलामा ब्याजदर सस्तो हुँदा उनीहरुलाई पनि सहज हुने देखिन्छ ।'

कर्जा लिने चाहनेका लागि अहिले उपयुक्त समय भएको खालिङको भनाइ छ । 'बेसरेट ७ प्रतिशतमा आएको छ । कतिपय बैंकले बेसरेटमा प्रिमियम नै नथपि ऋण दिइरहेका छन् । त्यसैले व्यवसाय गर्न चाहने वा घर र गाडी किन्न चाहनेका लागि कर्जा लिन अहिले गज्जब अवसर हो,' उनले भने ।

चालु आर्थिक वर्ष साउनदेखि पुस पहिलो सातासम्म वाणिज्य बैंकहरुले १ खर्ब ५५ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । त्यसमध्ये वाणिज्य बैंकहरुले साउनमा २ अर्ब, भदौमा ५३ अर्ब, असोजमा ५६ अर्ब, मंसिरमा ४२ अर्ब र पुसमा ५ गते दिनमा ४ अर्ब कर्जा लगानी गरेका छन् ।

कात्तिकमा भने कर्जा लगानी २ अर्बले खुम्चिन पुगेको थियो । चालु वर्ष कर्जा लगानीभन्दा निक्षेप बढेको छ । साउनयता वाणिज्य बैंकहरुमा १ खर्ब ७० अर्ब रुपैयाँ निक्षेप थपिएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ ।

**हिमाल, पहाड, तराई सबै नेपालीको खेल खेलाडीको किसान मजदुरको देश विदेश जहाँ रहेनि नेपाल नेपालीको**

*साभार : 'आउन साथी आउ' स्वदेश गान*

जन आकाश राष्ट्रिय साप्ताहिक Jana Aakash National Weekly
वर्ष -१७, अंक- २०, २०८१ साल पुस १६ गते मंगलबार (Dec 31, 2024)

पृष्ठ १ बाट जारी

कर्णालीका विद्याथी...

अध्ययनरत विद्यार्थीहरुले कारखानाको अवालेकन भ्रम्ण गरेको जानकारी उनले गराए । भविष्यमा पनि यसका लागि आफूहरु सहयोग गर्ने तत्परता उनले जनाए ।

विद्यार्थीलाई इको प्यानलका प्रमुख इन्जिनियर कृष्णसुन्दर कुम्पाखले जानकारी गराएका थिए । इको प्यानल आधुनिक निर्माण सामाग्री भएको र यसको प्रयोगबाट तीव्र निर्माण सम्भब हुने जानकारी उनले गराएका थिए । कारखानामा पहिला नै तयार पारी निर्माणस्थलमा लगेर जोड्दा मात्रै पुग्ने भएकाले इको प्यानलको प्रयोगबाट तीव्र निर्माण सम्भब भएको उनले जानकारी गराएका थिए ।

साथै कर्णाली जस्तो विकट पहाडी ठाउँहरुमा पनि सजिलै ढुवानी गर्न सक्ने जानकारी उनले गराएका थिए । हलुका हुनाले विकट ठाउँहरुमा सजिलै लान सकिने उनको भनाई थियो । नेपाल इको प्यानल भूकम्पप्रतिरोधी छ । साथै यो आइओसी चिन्ह प्राप्त पनि छ । स्थायी तथा अस्थायी संरचनामा भित्री तथा वाहिरी पार्टेशन वालको रुपमा यसको प्रयोग हुन्छ । डिलरहरुमार्फत् यसले देशभरि आफना उत्पादनहरु विक्रीवितरण गर्दै आएको छ ।

यसको कर्पोरेट कार्यालय भक्तपुरको सल्लाघारीमा रहेको छ । कारखाना भने जिल्लाको चाँगुनारायण नगरपालिका झौखेलमा रहेको छ ।

पृष्ठ १ बाट जारी

संसद परियार...

मान्ने पार्टी भएको हुनाले सम्माननीय अदालतले न्यायमा निष्पक्ष छानविन गरी फैशला गर्छ भन्ने विश्वास छ । तपाई हामीलाई थाहा छ आम जनतालाई थाहा छ । पार्टीका सभापति रवि लामिछानेलाई राजनीतिक प्रतिशोध साधिएको कुरा जनताले नै भनिराख्नु भएको छ । जनताले आरोप लगाएकै जसरी फैशला आयो भने त्यसको जवफ जनताले दिनेछन् ।

संसद परियारले अर्को विगतका पार्टीका अग्रजहरुले गरेको त्याग, तपस्या सर्घष विर्सन हुदैन भन्दै रामेछापका स्वर्गीय साहित्यकार जगदिश घिमिरेका साहित्य पढेर हामीहरु प्रेरित भएको, यहि जिल्लाका कृष्णलाल, गंगालाल,पुष्पलालहरुको योगदान विर्सन हुदैन भन्दै त्यो त्यतिवेलाका लागि त्यहि ठिक थियो । तर आजको युगले धेरै परिवर्तन मागेको छ । विगतका सहिदहरुले गरेका योगदानलाई काँग्रेस एमालेले दुरुपयोग गरेकाछन् । त्यसकारण उनिहरुवाट परिवर्तन र जनताको हित हुन नसक्ने उल्लेख गरे । मन्थलीमा रहेको विमानस्थलले मन्थलीको विकासमा टेवा पुगेको तर स्थानीयको अधिकारलाई सम्बोधन गर्न नसकेको भन्ने स्थानीयको गुनासो याहा पूर्व वक्ता मित्रहरुले गर्नुभयो । यस विषयलाई म सम्बन्धित निकायमा पहल गर्नेछु भनि स्थानीयलाई आस्वस्थ पारे । राष्ट्रिय स्वतन्त्र पार्टीमा आवद्ध सदस्यहरुलाई जो योजना भिजन र दक्षताको आधारमा जान्नेलाई छान्ने भन्ने नीति अनुसार नै आज नगर समितिमा आउनुहुने कार्यसमितिलाई अग्रीम बधाई र शुभकामना दिएका थिए ।

त्यसैगरी विशेष अतिथिको रुपमा आएका राष्ट्रिय स्वतन्त्र पार्टीका प्रशिक्षण बिभाग सचिव कमल सुवेदीले हामीले राजनीतिवाट कमाउन आएका होइनौ । विगतमा हामी पैशानै कमाउने हो भने अरुनै क्षेत्र छदैथिए । तर सवै कुरा छाडेर समाज रुपान्तरणको लागि रास्वपामा धेरै दिग्गज व्याक्तित्वहरु ऋाउनु भएको छ । पार्टीले जनताको पक्षमा राष्ट्रको पक्षमा काम गरेरहिको कुरा घाम जतिकै छर्लङग छ भनि सम्वोधन गरेका थिए ।

कार्यक्रमको अध्यक्षता जिल्ला सभापति रमेश रायमाझीले गरेका थिए ।

उक्त कार्यक्रममा आमन्त्रित प्रमुख अतिथि, अतिथि लगायतलाई स्वागत मन्तव्य रमेश खड्काले गरेका थिए । सोहि कार्यक्रमको अवसर पारेर रामेछाप जिल्लाका राष्ट्रिय स्वतन्त्र पार्टीका उप-सभापति मोहन कार्कीले आफैले लेखेको कृपज नामक कृति प्रमुख अतिथि र विशेष अतिथिलाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रमको सन्चालन जिल्ला सचिब दिल बहादुर थापाले गरेका थिए।

मन्थली नगरभेलाको आयोजना भव्य प्रचार प्रसार गरी प्रमुख अतिथि, विशेष अतिथिकोलाई रामेछाप जिल्ला समितिका पदाधिकारीहरुले मन्थलीको भैसेमा स्वागत गरी बाईक रयाली सहित नगरपरिक्रमा गरेका थिए । कार्यक्रम हाटेचौरस्थित तिनलालपार्कमा भएको थियो ।

नगरभेलामा आकांक्षीहरु धेरै भएपनि उनिहरुको योजना र तर्कहरु राख्न लगाई क्षमताको आधारमा नगर समिति चयन गरिएको थियो ।

एघार सदसीय मन्थली समितिमा सर्वसहमत पदाधिकारीहरुको नामावली यस प्रकार छ ।

सभापतिः प्रविन खड्का, उपसभापतिः कृष्ण प्रा. पौडेल, सचिवः दिव्य ढुङगेल, सह-सचिवः प्रचन कुमार तामाङ, कोषाध्यक्षः अनुषा खत्री, सदस्यहरुः धन बहादुर बुढाथोकी, पदम ब. खत्री, भुपाल थापा, इनिश बुढाथोकी, कुमार सोडारी रहेका छन् ।

अन्तराष्ट्रिय

# अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरको निधन



**न्युयोर्क–** अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरको निधन भएको छ । कार्टर सेण्टरका अनुसार १०० वर्षीय पूर्वराष्ट्रपति कार्टरको आइतबार उनको निवासमै निधन भएको हो ।

कार्टर अमेरिकी इतिहासमा सबैभन्दा लामो समय बाँच्ने पूर्वराष्ट्रपति समेत बनेका छन् । उनी सन् १९७७ देखि १९८१ सम्म अमेरिकाको राष्ट्रपति थिए ।

उनको निधनमा अमेरिकी राष्ट्रपति जो बाइडेनले शोक व्यक्त गरेका छन् । उनले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'आज अमेरिका र विश्वले एक असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी गुमाएको छ ।'

त्यस्तै, नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि उनीप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

# दक्षिण कोरिया विमान दुर्घटना : १७९ जनाको मृत्यु



**सोल–** दक्षिण कोरियाको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार भएको विमान दुर्घटनामा १ सय ७९ जनाको मृत्यु भएको छ ।

१८१ जना बोकेर थाइल्याण्डको बैंककबाट फर्किएको जेजु एयरको विमान दक्षिण-पश्चिममा पर्ने मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा आइतबार बिहान स्थानीय समयअनुसार ९ बजेर ७ मिनेटमा दुर्घटना भएको हो । दुर्घटनाग्रस्त विमानबाट चालक दलका दुई सदस्यको भने जीवितै उद्धार गरिएको छ । उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको कोरियाली समाचार संस्था योनहापले जनाएको छ ।

विमानमा १७३ दक्षिण कोरियाली र २ थाइल्याण्डका नागरिकसहित १७५ यात्रु र चालक दलका ६ सदस्य थिए । स्थानीय टेलीभिजनले प्रशारण गरेको एउटा फुटेजमा बोइङ ७३७-८०० विमानबाट कालो धुवाँको मुस्लो निस्केको देखिन्छ । अर्को फुटेजमा विमानको दायाँ पखेटामा रहेको इन्जिनमा अवतरण गर्नुअघि आगोको ज्वालासहितको धुवाँ निस्किरहेको देखिएको छ ।

अग्नि नियन्त्रक अधिकारीहरूले चरा ठोक्किएर विमान दुर्घटना भएको हुनसक्ने अनुमान गरेका छन् । पहिलो अवतरण प्रयासपछि, विमान अवतरण गियरको अनुमानित खराबीको कारण विमानले पुनः आकाशमा फर्किएको र दोस्रो अवतरण प्रयास 'बेली-ल्यान्डिंग'को साथ गरिएको थियो । यातायात मन्त्रालयले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन समय लाग्न सक्ने बताएको छ ।

# हिउँ जमेपछि कर्णाली राजमार्गको सातमोडमा सडक अवरुद्ध



**मुगु–** कर्णाली राजमार्गको सातमोडमा हिउँ जमेपछि सडक अवरुद्ध भएको छ ।

हिउँ जमेका कारण जिल्ला सदरमुकाम गमगढीबाट नेपालगञ्जतर्फ जाँदै गरेका तीनवटा यात्रुबाहक बस अलपत्र परेका छन् ।

सडकमा हिउँ र बरफ जमेका कारण बस फसेपछि नेपालगञ्ज जाने यात्रुबीच सडकमै अलपत्र परेका हुन् ।

सडकमा जमेको बाक्लो हिउँ र बरफले गाडी अघि बढ्न नसक्दा सबै यात्रु रातभर जागै बस्नुपरेको एक यात्रु राज्यलक्ष्मी बमले बताए ।

'पुसको कठ्याङ्ग्रिँदो जाडोमा रातभर गाडीभित्र भोकै बस्यौं, उद्धार गर्ने कोही भएन', उनले भने, 'चिसोले बालबच्चा, बिरामी र बूढाबूढी समस्यामा छन् ।'

उद्धारका लागि हारगुहार गरे पनि सुनुवाइ नभएको उनले फोनमार्फत बताए ।

हिउँ जमेकाले सातमोडमा गमगढी आउने र गमगढीबाट गएका सवारीसाधन आइतबारबाट रोकिए पनि आज मध्यान्हदेखि सडक डिभिजनका कर्मचारी र स्काभेटरले हटाएपछि सडक सुचारु भइसकेको रारा छायानाथ यातायात प्रालिका सचिव सन्तोष शाहिले बताए ।

कर्णाली राजमार्गको यो खण्ड घुच्चीलेक तथा रारा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भएर जाने भएकाले हिमपात र वर्षाका बेला रुख ढलेर बेलाबेलामा सडक अवरुद्ध हुने गरेको छ ।

# जाडोभरि छालामा चमक ल्याउन राति सुत्नुअघि अनुहारमा लगाउनुहोस् २ चिज

**काठमाडौं–** दिनको थकान र चिसो हावाका कारण जाडो महिनामा अनुहारको छाला निर्जीव हुन्छ । यस्तोमा यदि तपाईंले सुत्नुअघि आफ्नो अनुहारमा यो सरल घरेलु नुस्खा लागू गर्नुभयो भने, यसले तपाईंको छालालाई गहिरो रूपमा मर्मत मात्र गर्दैन, भोलिपल्ट बिहान तपाईंको अनुहारमा चमक पनि ल्याउनेछ ।

यसबाट बुढेसकालको असरबाट हुने समस्या पनि हट्छ । त्यसो भए जाडोमा सुख्खापन र नीरस छालालाई कसरी स्वस्थ र चम्किलो बनाउन सकिन्छ जानौं ।

**यसरी बनाउनुहोस**

एउटा सानो भाँडामा ५ चम्चा शुद्ध आल्मन्डको तेल लिनुहोस् र यसलाई अलिकति तताउनुहोस् । अब यसमा भिटामिन ई क्याप्सुल काटेर तेलमा हालेर राम्ररी मिलाउनुहोस् । अब तपाईंको रात्रि क्रिम तयार हुन्छ ।

यसरी लगाउनुहोस् -

राति सुत्नुअघि आफ्नो हत्केलामा दुई-तीन थोपा तयार गरिएको क्रिम लिनुहोस् र धोएको र सफा अनुहारमा लगाउनुहोस् । २ मिनेट हल्का हातले राम्रोसँग मसाज गर्नुहोस् जसले गर्दा रक्तसञ्चारमा सुधार हुन्छ र अनुहारमा प्राकृतिक चमक आउँछ ।

यसलाई रातभर अनुहारमा राख्नुहोस् र बिहान अनुहार धुनुहोस् । बिस्तारै तपाईंको अनुहारको सुख्खापन र नीरसपन हराउँदै जान्छ र अनुहारमा बढ्दो उमेरको



प्रभाव पनि कम हुँदै गइरहेको छ ।

**यसका फाइदाहरू–**

आल्मन्डको तेलमा भिटामिन ई, एन्टिअक्सिडेन्ट र फ्याटी एसिड प्रचुर मात्रामा हुन्छ, जसले जाडोमा छालालाई गहिरो पोषण दिन्छ । यसले सुक्खा दागहरू निको पार्छ, छालालाई मोइस्चराइज गर्छ । जबकि भिटामिन ई क्याप्सुल छालाको लागि पनि चमत्कारी छ । यसमा पाइने एन्टिअक्सिडेन्टले फ्रि रेडिकलबाट जोगाउँछ र बुढेसकालको असरलाई कम गर्छ । यसलाई अनुहारमा लगाउनाले छालामा नमी कायम रहन्छ र चाउरीपना कम हुन्छ ।

पृष्ठ १ बाट जारी

दैलेख...

परियोजनाअन्तर्गत ड्रिलिङका लागि भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । चिनियाँ र नेपाली गरी ८० जनाको समूहले उत्खनन गरिरहेको छ । विभाग, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनी परियोजना कार्यान्वयनमा व्यस्त छन् ।

# "पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्न लो कस्ट क्यारियर लाई प्रेरित गरौं"



**काठमाडौं–** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का पूर्वमहानिदेशक सञ्जीव गौतमले पोखरा अन्तर राष्ट्रिय विमानस्थल न्यारोबडी जहाज उडानका लागि प्राविधिकरुपमा योग्य रहेको भन्दै लो कस्ट क्यारियर लाई प्रोत्साहित गर्नुपर्ने बताएका छन् ।

उनले शुक्रबार काठमाडौंमा भएको एभिएसन मिटमा न्यारोबडी जहाज उडानका लागि पोखराको २५०० मिटर लम्बाइको धावनमार्ग पर्याप्त रहेको भन्दै विमानस्थल मज्जाले चलाउन सकिने तर त्यसका लागि वायुसेवा कम्पनीलाई प्रोत्साहित गर्नुपर्ने बताए ।

'२५०० मिटरको धावनमार्गमा न्यारोबडी जहाज संचालन गर्न सकिन्छ । पोखरामा लो कस्ट क्यारियरलाई उडान गर्न प्रेरित गर्न आवश्यक छ,' उनले भने, 'नयाँ वायुसेवालाई टीआईएमा ट्राफिक कन्जेसन देखाएर पोखरा पठाउन आवश्यक छ । टिकटमा भ्याट र उपकरणमा भन्सार शुल्क लगाउनु हुन्न । यस्तै वायुसेवा कम्पनीले यात्रु पाउने सुनश्चितताका लागि म्यानपावर कम्पनीदेखि श्रमिकको स्वास्थ्य परीक्षण र भिसा सहजै पाउने व्यवस्था गर्न आवश्यक छ ।'

उनले गौतमबुद्ध विमानस्थलमा वाइडबडी जहाज चलाउन सकिने तर बजार सुनिश्चितताका लागि सरकारले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताए । उनले पोखरा र भैरहवा विमानस्थल फुल फ्लेजमा संचालनका लागि सडकको अवस्था सुधार गर्नुपर्नेमा पनि जोड दिए ।

# नेपालसाँगै अन्तराष्ट्रिय बजारमा रिलिज हुँदै फिल्म 'लाज शरणम'



**काठमाडौं–** चर्चित हास्य सिरियल 'सक्किगोनि'को समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्' महाशिवरात्रिको अवसर पारेर आगामी फागुन १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा पनि रिलिज गरिने भएको छ । यसका लागि सेभेन सिज इन्टर नेसनलले फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार खरिद गरेको छ ।

सेभेन सिजले भारतबाहेकको वितरण अधिकार लिएको हो । मंगलबार निर्माण कम्पनी जेपिटी क्रिएसनको तर्फबाट अर्जुन घिमिरे (पाँडे) र वितरण कम्पनीका प्याट्रिक सुवेदीले सम्झौतापत्रमा हस्ताक्षर गरे । प्याट्रिकका अनुसार फिल्मलाई विदेशमा दुई चरणमा रिलिज गरिनेछ । आगामी फेब्रुअरी २८ र मार्च ७ तारिखमा फिल्म रिलिज हुने उनले जानकारी दिए ।

कुमार कट्टेल 'जिग्री ब्रो'को निर्देशनमा तयार भएको फिल्ममा सिताराम कट्टेल (धुर्मुस), विजय बराल, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगीसँगै 'सक्किगोनि' समूहबाट अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले), हरिष निरौला (कक्रोज), प्रियाना आचार्य (मुन्नी), कमलमणी नेपाल (खुपीका बाउ) लगायतको अभिनय छ ।

नवीन श्रेष्ठ निर्माता रहेको फिल्ममा राम नरेश शाह र श्रीजना खड्का भने सह-निर्मातामा छन् । सुदीप बरालले फिल्मको छायांकन गरेका हुन् । निर्देशक कट्टेल स्वयंको लेखन रहेको फिल्मलाई डोल्पा र काठमाडौंमा छायांकन गरिएको हो । फिल्मले सामाजिक कथालाई व्यंग्यात्मक रूपमा प्रस्तुत गर्ने जनाइएको छ ।

## गजल



### रामचन्द्र खड्का

भोक, निन्द्रा नपर्नु बेचैनको बिमार रहेछ
आशै आसमा भर पर्नु चैनको बिमार रहेछ

सम्हाल्नुपर्थ्यो जवान हुदा  नै जवानिलाई
हाम फालिहाले तरबारको  को धार रहेछ

सुखनै छैन लाईन काटिएको बेला पनि महोदय
कुबेलामा पारी झडका हान्ने कस्तो ?तार रहेछ

किडनि बेचेर हरचिज किन्ने गरेको छु तयारी
तिमिभएकै बेला ब्रेक जाम हुने कुन? कार रहेछ

जान्दिन पुरान पढेर साहित हेर्नलाइ प्यारी
सिमाना मिच्नै नमिल्ने यो कुन आईतबार रहेछ

# राजबल्लभ र प्रदीप स्टारर "एक्टर" पोस्टरमा के छ ?

आगामी माघ १६ गते (शहिद दिवस)देखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'एक्टर : टेक वान'को मुख्य भूमिकामा दुई पुस्ता छन्, राजबल्लभ कोइराला र प्रदीप खड्का । राजबल्लभ दशकअघिका 'स्टार' हुन् । उनीपछि उदाएको पुस्तामा प्रदीप पर्छन् । यसैले उनीहरुलाई पहिलो पटक एकसाथ पर्दामा हेर्न दर्शक अधैर्य छन् । 'को हिरो र को भिलेन' भन्ने कौतुहलता पनि उतिक्कै देखिन्छ ।

फिल्म रिलिजका लागि अब एक महिना बाँकी रहँदा निर्माण टिमले प्रचारमा तीव्रता दिन थालेको छ । जसअनुरुप सोमबार दुईथान पोस्टर सार्वजनिक गरियो, जसले पात्रहरुको मुड दर्शाउँछ । एक पोस्टरमा राजबल्लभ र प्रदीप चित्रित छन् । प्रदीपको अनुहारमा चोट देखिन्छ । राजबल्लभ भने सिगार तान्दै प्रदीपको फोटो नियालिरहेका छन् । यसले कथामा शक्तिको खेल रहेको संकेत गर्छ ।




अर्को पोस्टरमा राजबल्लभ रिसाहा भावमा प्रस्तुत छन् । एक हातमा सल्किरहेको सिगार छ । र, उनले कसैलाई चुनौती दिइरहेको देखिन्छ । पोस्टरमा प्रदीप पनि चित्रित छन् । उनलाई चकलेटी अवतारमा प्रस्तुत गरिएको छ । उनीसहित दुई शीर्ष अभिनेत्री आना शर्मा र दिव्या रायमाझीलाई पनि पोस्टरमा देख्न सकिन्छ । यसबाट पात्रहरुबीचको सम्बन्धको आयामलाई बुझाउन खोजिएको छ ।

राजन भुसालको निर्देशनमा बनेको यस फिल्ममा दिव्य देव, उषा रजक, सुशील सिटौला, सिर्जना अधिकारी, बादल भट्ट लगायतको पनि अभिनय छ । आकाश बराल र निर्देशक भुसाल स्वयंको लेखन रहेको फिल्ममा थमन कुमार भण्डारी निर्माता र अनीश भुसाल सह-निर्मातामा छन् । फिल्मका छायाँकार नरेन्द्र मैनाली हुन् भने सम्पादन निमेष श्रेष्ठ तथा द्वन्द्व निर्देशन अष्ट महर्जनको रहेको छ ।

# "रंगी" टिजरमा बाबुछोरीको सम्बन्धको कथा



आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रंगी'को टिजर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक १ मिनेट ३९ सेकेण्ड लामो टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । एक बाबुले छोरीका लागि गरेको संघर्षको कथा पेश गरेको टिजर मर्मस्पर्शी छ । अभिनेता सलोन बस्नेत र बाल कलाकार आयुषी ढकालमा फिल्मको कथा केन्द्रित रहेको टिजरले प्रष्ट पार्छ ।

खुशी, रोदन र पीडा मिश्रित टिजरमा छोरीले झ्यालबाट हेर्दै बाबुलाई पर्खिएको, फुड डेलिभरीको पेशा अपनाएका सलोनले घाम र पानीको प्रवाह नगरी काम गरेको, छोरीलाई गरेको वाचा पूरा गर्न नसक्दा भावविह्वल भएको दृश्यले दर्शकलाई भावुक बनाउन सक्छ । टिजरको अन्तिममा एउटा कारले ठक्कर दिएपछि घाइते छोरीलाई लिएर सलोन चिच्चाएको दृश्य कारुणिक छ ।

थुप्रै फिल्ममा सहायक निर्देशक भएर काम गरेको सुरेश न्यौपानेको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा सलोन र आयुषीसहित नम्रता श्रेष्ठ (पूर्व मिस नेपाल), दीलिप रायमाझी, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको अभिनय छ । सलोन स्वयं प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतम हुन् ।

फिल्ममा सुमन गजमेरको स्क्रिप्ट लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द रचना, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी रहेको छ ।

# "कुस्ती"मा धीरज र मिरुनाको जोडी, बुद्धिको निर्माणमा डेब्यु




'हैट' उपनामले परिचित कलाकार बुद्धि तामाङ अब निर्माता बन्ने भएका छन् । फिल्म 'कुस्ती'बाट उनी निर्माणमा होमिन लागेका हुन् । गुरूङ समुदायको महान चाड तमु ल्होसारको दिन पारेर पोस्टरमार्फत् फिल्मको निर्माण घोषणा गर्दै कलाकारबारे जानकारी गराइयो । फिल्ममा अभिनेता धीरज मगर र अभिनेत्री मिरुना मगरको मुख्य भूमिका रहनेछ । यो उनीहरुको पहिलो सहकार्य हो ।

सार्वजनिक पोस्टरमा धीरज र मिरुनालाई देख्न सकिन्छ । लाइट ग्रीन र लाइट पिङ्कको प्रयोग गरिएको पोस्टरमा धीरज लाइट पिङ्क ड्रेसमा सोफाको एक भागमा बसेका छन् । मिरुना भने लाइट ग्रीन ड्रेसमा सोफाको अर्को भागमा बसेकी छन् । धीरज हँसिलो भावमा छन् । मिरुना निराश देखिन्छिन् । अलग स्वभावका दुई पात्रको प्रेमकथामा फिल्म बन्ने पोस्टरले संकेत गर्छ ।

अनिल योञ्जनको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्ममा बुद्धि तामाङको पनि महत्त्वपूर्ण भूमिका रहनेछ । अनुषा सिनेमावुड पिक्चर्सको प्रस्तुति रहने फिल्मको प्रदर्शन हुने वर्ष र महिना पनि सार्वजनिक गरिएको छ । पोस्टरमा फिल्म अर्को वर्ष अर्थात् २०८२ को भदौमा रिलिज हुने उल्लेख छ । आगामी फागुनपछि फिल्मको छायांकन सुरु हुनेछ ।

निर्देशक योञ्जनले एकअर्कालाई धेरै माया गर्ने एक जोडीको प्रेमकथामा फिल्म बन्ने जानकारी दिए । उनी भन्छन्, 'उनीहरु माया त गर्छन् तर आ-आफ्नो स्वभावले गर्दा कठिनाइको सामना पनि गरिरहेका छन् । दर्शकले यो जोडीबाट गर्ने अपेक्षालाई साकार पार्न हाम्रो प्रयास रहनेछ ।' एकअर्काबाट छुटिन नसक्ने र सँगै रहन पनि नसक्ने जोडीको प्रेमकथा नै 'कुस्ती' रहेको उनी प्रष्ट पार्छन् ।

# प्रियंका कार्कीको हरर फिल्म "ममी"को टिजर रिलिज

आगामी माघ २५ गतेबाट प्रदर्शनको तयारीमा रहेको हरर फिल्म 'ममी'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ३८ सेकेण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । एउटा घरमा कालो विरालो पाल्न थालेपछि श्रृंखलाबद्ध रुपमा परिवारमा निम्तिने विपत्तिलाई टिजरमा देखाइएको छ । फिल्मले दर्शकलाई हरर अनुभव गराउन सक्ने छनक टिजरले दिन्छ ।

समर निरौलाको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा प्रियंका कार्की, दीया मास्के, सुलक्षण भारती, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गीत विष्ट, प्रकाश बन, शिवांश सिलवाल लगायतको अभिनय छ । सो ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको फिल्ममा निर्देशक निरौला र पूर्णिमा जोशीको लेखन रहेको छ ।

यो फिल्मको निर्मातामा लोकराज जोशी र पूर्णिमा जोशी छन् भने कार्यकारी निर्माता सुमन कोइराला हुन् । निशाल पौडेल र शरद महतोको छायांकन रहेको फिल्मलाई सुरेन महर्जनले सम्पादन गरेका हुन् । फिल्ममा एसडी योगीको संगीत तथा रोहित शाक्यको पार्श्व ध्वनी छ । फिल्मलाई काठमाडौं उपत्यकामा काफिया फिल्मस् तथा मोफसलमा कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।

# "पहाड"बाट छोरी पञ्चमीलाई डेब्यु गराउँदै तुलसी घिमिरे

भेट्रान निर्देशक तुलसी घिमिरे फिल्म 'पहाड'बाट सात वर्षपछि पुनरागमनको तयारीमा छन् । आगामी माघबाट छायांकन सुरु गर्न लागिएको फिल्ममा उनले कलाकारको बलियो 'लाइनअप' बनाएका छन् । मदनकृष्ण श्रेष्ठ, सुनील थापा, विपिन कार्की, वर्षा राउतको अभिनय रहने निश्चित भैसकेको फिल्ममा थप दुई कलाकार भित्रिएका छन् । उनीहरु हुन्, अरुण क्षेत्री र पञ्चमी घिमिरे ।

अरुणले 'महापुरुष'बाट डेब्यु गरेका थिए । त्यसपछि उनले 'प्रेमा' र 'ज्याकी : आइ एम ट्वान्टिवान' फिल्ममा काम गरिसकेका छन् । पञ्चमी भने निर्देशक घिमिरेकी कान्छी छोरी हुन् । उनले 'पहाड'बाट अभिनेत्रीको रुपमा डेब्यु गर्न लागेकी हुन् । यसअघि उनले पिताको निर्देशनमा बनेको फिल्म 'दर्पण छायाँ २'मा सहायक निर्देशकको रुपमा काम गरेकी थिइन् ।

भारतको टेलिसिरियल निर्माण कम्पनी बालाजी टेलिफिल्म्सको एसोसिएट क्रियटिभ हेडको रुपमा समेत काम गरिसकेकी पञ्चमीले ७ वर्षअघिको एक अन्तर्वार्तामा आफूलाई अभिनयभन्दा फिल्म मेकिङप्रति रुचि रहेको जनाएकी थिइन् । भविष्यमा बुबाले लेखेको स्क्रिप्टमा फिल्म बनाउने इच्छा रहेको उनको भनाई थियो । तर, अब उनले अभिनयमा करिअर बनाउन खोजेको देखिन्छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २०, २०८१ साल पुस १६ गते मंगलबार (Dec 31, 2024)

# काइवीको मिनी इभी ई-क्युटको एकै पटक ३० युनिट डेलिभरी

**काठमाडौं–** चिनियाँ विद्युतीय गाडी ब्राण्ड काइवीको मिनी इभी एकै पटक ३० युनिट डेलिभरी गरिएको छ ।

जिओ अटोमोबाइल्स र लक्ष्मी ई-मोबिलिटी दुवैले मिलेर उक्त ब्रान्डका गाडीहरू नेपाली बजारमा बिक्री गरिरहेका छन् । दुवै कम्पनीले बिहीबार उपत्यकामा एक कार्यक्रम आयोजना गरी ३० वटा काइवी ई-क्युट मिनि इभी डेलिभरी गरेका हुन् ।

जिओका प्रबन्ध निर्देशक आकाश गोल्छाका अनुसार चेरी ग्रुपको लगानीमा २०१४ मा सुरु भएको यो कम्पनीमा अहिले चीन सरकारको पनि लगानी रहेको छ । यो कम्पनी कुनै स्टार्टअप नभई सरकारको लगानी रहेको कम्पनी भएकाले स्थापित ब्रान्डका रुप चिनिएको उनले बताए ।

त्यसैले विश्वस्त भएर ग्राहकहरूले यो ब्राण्डको गाडी किन्न सक्ने उनको भनाइ छ ।

'हामी दुवै कम्पनी मिलेर गाडी बिक्री मात्रै नभई सर्भिसमा पनि दायित्व बहन गर्नेछौं । हामीले जसरी फोर्ड भारतमा बन्द हुँदा पनि नेपालमा सर्भिसलाई निरन्तरता दिइरहेका छौँ, त्यसरी नै यो ब्रान्डको सर्भिसमा पनि



आफ्नो दायित्व पूरा गर्नेछौं,' उनले भने ।

दशकौंदेखि हुन्डाई र फोर्डका गाडी बिक्री गर्दै आइरहेका दुई घरानाले यो गाडी नेपालमा ल्याएका हुन् ।

यो गाडीको फुल चार्ज रेन्ज ३०० किलोमिटर रहेको कम्पनीको दाबी छ । यसमा ३६० डिग्री क्यामेरासहितको सेफ्टी फिचर छ ।

१९ लाख ९६ हजारदेखि २४ लाख ९६ हजार रुपैयाँ मूल्य पर्ने यो गाडी गत भदौमा भएको नाडा अटो शोबाट नेपाली बजारमा सार्वजनिक गरिएको थियो । यो गाडी ३ वटा भेरिएन्टमा उपलब्ध छ ।

# व्यापार खस्किएपछि पलायन हुँदै 'अटो मोबाइल' व्यवसायी

**बागलुङ–** आर्थिकलगायत विविध कारणले अटोमोबाइल व्यवसायी पलायन हुन थालेका छन् ।

यो व्यवसाय धराशयी हुँदा कैयनले रोजगारी गुमाएका छन् । धवलागिरि अटोमोबाइल्स व्यवसायी सङ्घ, बागलुङका अनुसार पछिल्लो ५ वर्षमा सङ्घमा आबद्ध १९ जना व्यवसायी विस्थापित भएका छन् ।

सङ्घका अध्यक्ष शिवशङ्कर शाहले सुरुमा ६७ वटा फर्म आबद्ध भएर सङ्घ स्थापना गरिएकामा हाल ४८ फर्म मात्र संचालनमा रहेको बताए ।

'अटोमोबाइलका १९ वटा व्यवसाय बन्द हुँदा प्राविधिक र श्रमिकले पनि रोजगारी गुमाएका छन्,' उनले भने, 'पहिले करिब ५ सय जना यस क्षेत्रमा कार्यरत थिए, अहिले जम्मा २ सय २५ जनाले मात्र रोजगारी पाएका छन् ।'

खस्कँदो व्यापारका कारण व्यवसायी पलाउन हुने क्रम अझै नरोकिएको अध्यक्ष शाहले बताए । अटोमोबाइल क्षेत्रका व्यवसायीको संरक्षणका लागि राज्यले उपयुक्त नीति र कार्यक्रम ल्याउनुपर्ने उनको माग छ ।

व्यवसायी पलायन हुने अवस्था कायमै रहेका कुनै दिन अटोमोबाइल व्यवसाय नै सङ्कटमा पर्ने धेरैको भनाइ छ । स्थानीयस्तरमा रोजगारी सिर्जना गरी युवा पलायनलाई कम गर्न थोरै भए पनि योगदान पुऱ्याइरहेका अटोमोबाइल व्यवसायीको हितमा स्थानीय तहले पनि आवश्यक सहयोग गर्नुपर्ने अध्यक्ष शाहको भनाइ छ ।

'व्यवसायी पलायनको दर हेर्दा चिन्ताजनक अवस्था



छ । सङ्घमा गाडी, मोटरसाइकललगायत अटो क्षेत्रका व्यवसायी आबद्ध छन् । अटोमोबाइल मात्र नभएर अन्य क्षेत्रमा पनि आर्थिक मन्दीले प्रत्यक्ष असर पुऱ्याएको छ । सटर भाडासमेत तिर्न नसकेर व्यवसाय नै बन्द गर्नुपने अवस्थामा कतिपय व्यवसायी पुगेका छन् । त्यसैले सरकारले सहुलियत र प्रोत्साहनका कार्यक्रम ल्याएर व्यवसाय संरक्षण गर्न आवश्यक छ,' उनले भने ।

बुधबार सङ्घले सदरमुकाममा संचालित ग्यारेज र वर्कशपहरूलाई सरसफाइका लागि डस्टबिन वितरण गर्ने कार्यक्रममा धेरैजसो व्यवसायीले यस्तै गुनासो गरेका थिए । त्यस अवसरमा बागलुङ नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले 'सफा बागलुङ नगर'को अभियानलाई सघाउन नगरवासीसमक्ष आग्रह गरे । उनले व्यवसायीका समस्याबारे आफूहरूको ध्यानाकर्षण भएको बताए ।

# बलुन उडाएर बीवाइडी एम ६को 'कर्टेन रेज'




**काठमाडौं–** नेपालमा बीवाइडीको एम ६ लन्च भएको छ । चिनियाँ ब्रान्ड बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकले आज पोखरामा एम६ बियोन्ड लिमिट्स सिरिज सार्वजनिक गरेको हो ।

पोखराको पामेमा अन्तर्राष्ट्रिय बलुन महोत्सवको अवसरमा बेलुन उडाएर बीवाइडीको एम ६ गाडी लन्च गरिएको हो ।

५८ लाख ९० हजार रुपैयाँ मूल्य तोकिएको यो गाडीले ४५० किलोमिटर रेन्ज दिन्छ ।

बीवाइडीको एम ६ को १०० युनिट गाडी डेलिभर गरिएको कम्पनीले जनाएको छ ।

# जेएमइभी ब्रान्डमा दुई कम्पनी



**काठमाडौं–** नेपाली बजारमा शंकर ग्रुपले भित्र्याएको नयाँ ब्रान्डको विद्युतीय गाडी ल्याउन अर्को कम्पनी पनि लागेको छ ।


शंकर ग्रुप अन्तर्गतको सौर्य अटोमोबाइल्सले केही दिनअगाडि जेएमइभी ब्रान्डको जीएसई मोडलको सेडान कार भित्र्याएकामा त्यही ब्रान्डको ट्याक्सी सरिना जी ट्रेडर्सले ल्याउने भएको छ ।

सरिना जी ट्रेडर्सले आइतबार इभी ट्याक्सी भित्र्याउन भन्सार प्रायोजनका लागि अधिकतम खुद्रा मूल्य सार्वजनिक गरेको छ । कम्पनीले ट्याक्सीको मूल्य ४२ लाख रुपैयाँ तोकेको छ । ट्याक्सीको नाम 'इभीइजी' राखिएको छ ।

कम्पनीले यो ट्याक्सी प्यारेन्ट कम्पनीबाट भने ल्याउन लागेको होइन । सूचनामा उल्लेख गरिए अनुसार कम्पनीले चीनको नानचाङ्ग जियलिङ मोटर्स ग्रुप हेङ्मेई इम्पोर्ट एण्ड एक्स्पोर्टबाट ट्याक्सी ल्याउन लागेको हो ।

यसमा ९९ किलोवाट मोटर र ४७ किलोवाट आवर(युनिट) क्षमताको ब्याट्री छ । एक पटकको फुल चार्जमा यसले ४३० किलोमिटर रेन्ज दिने कम्पनीले सूचनामा उल्लेख गरेको छ । कम्पनीले पहिलो लटमा २४ युनिट गाडी भन्सार पास गर्न लागेको छ ।

जगदम्बा मोटर्सले दरबारमार्गमा शोरुम संचालन गरिरहेकामा सरिना जी ट्रेडर्सले बाँसबारीमा राख्न लागेको छ ।




सार्वजनिक सेवा लिदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचार बिरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार